# पर्सा जिल्ला अदालत

वीरगंज, पर्सा

(प्रशासन शाखा)

फोन नं. ०५१-५२२२२७

ईमेल: info.dcparsa@supremecourt.gov.np


पत्र संख्या :- २०७८/०७९

चलानी नं.:-

मिति :-२०७८/१०/११

## सूचना !

कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियण्टको रूपमा हालका दिनहरूमा फैलिरहेको ओमिक्रोन र डेल्टा भेरियण्ट लगायतको संक्रमणको प्रभाव यस जिल्लामा बढ्दो रूपमा देखा परेको सन्दर्भमा महामारीको संक्रमणका कारण उत्पन्न असहज र विषम परिस्थितिबाट यस अदालतका कर्मचारीमा समेत संक्रमण देखिएकोले अदालतको नियमित कार्य प्रकृति अनुसार अदालतमा उपस्थित हुने सेवा ग्राही, न्यायाधीश, अदालतका कर्मचारी, प्रमुख सरोकारवाला कानून व्यवसायी, सरकारी वकील, अदालतका सरोकारवालाको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै संक्रमणको जोखिम न्यूनीकरण गर्न र स्वास्थ्य सुरक्षाका आवश्यक सावधानी थप व्यवस्थित रूपले सञ्चालन गर्न अत्यावश्यक देखिएको छ। यसै सन्दर्भमा नागरिक समाज र पर्सा जिल्ला अदालत वार एशोसिएशन तथा जिल्ला सरकारी वकील कार्यालय पर्साका जिल्ला न्यायाधिवक्ता समेतसंगको छलफल र सुझाव सहितको निष्कर्षका आधारमा अदालतबाट प्रवाह हुने सेवामा स्थानीय परिस्थिति, जोखिमको अवस्था, संक्रमित भएको संख्या समेत मूल्याङ्कन गरी उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको अवस्था सम्बन्धित जिल्ला अदालत समेतले मिलाउने गरी श्री सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७८/१०/४ को निर्णय अनुसार प्राप्त निर्देशन बमोजिम यस अदालतबाट प्रवाह हुने सेवामध्ये देहायका विषयमा मिति २०७८/१०/१२ देखि २०७८/१०/२१ सम्म देहायबमोजिम संकुचन सहित व्यवस्थापन गर्ने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपसिल

१. बन्दीप्रत्यक्षीकरण तथा निषेधाज्ञा सम्बन्धी रिट निवेदनको सुनुवाई नियमित रूपमा गरिने।

२. फिराद दावी फिर्ता, तामेली एवं मिलापत्र सम्बन्धी निवेदन प्रत्येक दिन गोला प्रक्रिया प्रारम्भ हुनु अघि दायर भएको वा अघिल्लो दिन दायर भई पूरक पेसी सूचीमा समावेश (Top up) हुने गरी निर्धारण भएको निवेदनसंग सम्बन्धित मुद्दा सोही दिनको पेसीमा चढाई फछ्र्यौट गरिने।

३. म्याद थप गर्ने, पक्राउ पूर्जी जारी गर्न अनुमति दिने, जरूरी पक्राउ पूर्जी स्वीकृत गर्ने, बाल निगरानी कक्षमा रहेका बालबालिकालाई अभिभावकको जिम्मा दिने गरी आदेश गर्ने र कल विवरण संकलन गर्न अनुमति दिने कार्य नियमित रूपमा सञ्चालन गरिने।

४. नेपाल सरकारवादी भई चलेका थुनुवा मुद्दा मानिसको भिडभाड कम हुने तवरले पेसी व्यवस्थापन गरी सुनुवाइ गरिने।

५. सजाय निर्धारण गर्ने मुद्दा र बाल इजलासबाट कारवाही, सुनुवाइ र निर्णय गर्नु पर्ने प्राथमिकता प्राप्त मुद्दा स्वास्थ्य सावधानीका निर्धारित मापदण्ड परिपालन गर्ने गरी सुनुवाइ गरिने।

६. एक दिनमा बढीमा २० थान र अन्तिम हदम्याद भएका फिरादपत्र दर्ता, जग्गा रोक्का राख्न अन्तर्कालीन आदेश माग भएका निवेदन दर्ता, प्रतिउत्तरपत्र दर्ता गर्दा मानिसको भिडभाड हुन नदिने गरी जनस्वास्थ्यका निर्धारित मापदण्ड परिपालन हुने गरी व्यवस्थित गरिने।

७. अदालतको मुल प्रवेशद्वारबाट अदालत परिसरभित्र प्रवेश गर्ने मास्क नलगाएका मानिसको प्रवेशलाई अदालत गेटमा तैनाथ सुरक्षीकर्मीले रोकी बेसरोकारका मानिसको प्रवेश नियन्त्रण गर्ने र मास्क लगाई प्रवेश गरेका सेवाग्राही र सरोकारवालाले स्वास्थ्य सावधानीका मापदण्डको परिपालन गर्ने गरी अदालत हाताभित्र भिडभाड हुन नदिने।

८. दर्ताबाट विवाह, धर्मपुत्र धर्मपुत्री प्रमाणित, अधिकृत वारेसनामा प्रमाणित, मृत्युको न्यायिक घोषणा, संरक्षक र माथवर नियुक्ति जस्ता विशेष प्रकृतिका निवेदन दिनमा बढीमा ५ भन्दा बढी दर्ता नगरिने।

९. अभियुक्तलाई हिरासतमा राख्न म्याद थप माग गर्दा अनिवार्यरूपमा दिनको ३ बजे अगावै सम्बन्धित इजलासमा पेस गरिने।

१०. अभियोगपत्र दर्ता, वयान लिने, थुनछेक आदेश गर्ने, पेसी वा तारेख लिने वयान इजलासमा उपस्थित हुने लगायतका काम कारवाही गर्दा स्वास्थ्य सावधानीका निर्धारित मापदण्डको परिपालन गरी सामाजिक वा भौतिक दूरी कायम गर्ने।

११. फरार प्रतिवादी हाजिर गराउँदा वा पक्राउ गरी दाखिल गर्दा दैनिक गोला प्रक्रिया प्रारम्भ हुनु अघि पेश भएमा त्यसै दिनको गोलामा समावेश गरी वयान तथा थुनछेक आदेश गर्ने र गोला लागी सकेपछि हाजिर हुन आए वा पक्राउ परी दाखिल हुन आए सो को भोलिपल्टको गोला प्रक्रियामा समावेश गर्ने गरी व्यवस्थापन गरिने।

१२. अदालतको मुख्य प्रवेशद्वारसँगै रहेको हात धुने ठाउँमा स्वास्थ्य सावधानीका लागि हात धुन साबुन पानीको व्यवस्था मिलाइने।